नेपाल सरकार

# सङ्घीय मामिला तथा सामान्य प्रशासन मन्त्रालय

सिंहदरबार, काठमाडौं

फोन ४२००५०५, ४२००२९९, ४२००३०६

फ्याक्स नं.: ४२००३२२

पत्र संख्या:- ०७७/७८

चलानी नं.:- ९३८

मिति २०७७।०८।२९

श्री प्रमुख प्रशासकीय अधिकृतज्यूहरू
गाउँपालिका /नगरपालिका (सबै)

**विषयः स्थानीय तह संस्थागत क्षमता स्वमूल्याङ्कन कार्यविधि, २०७७ को कार्यान्वयन गरी परीक्षण नतिजा पठाउने सम्बन्धमा।**

नेपालको संविधान, स्थानीय सरकार संचालन ऐन, २०७४ अन्तर सरकारी वित्त व्यवस्थापन ऐन, २०७४, आर्थिक कार्यविधि तथा वितीय उत्तरदायित्व सम्बन्धी ऐन, २०७६ लगायतका कानूनले स्थानीय तहको कार्य जिम्मेवारी तोकेका विषय कार्य प्रकृया र उपलब्धिको बारेमा लेखाजोखा गरी सबल र दूर्बल पक्षहरुको पहिचान गर्न, विकास तथा सुशासनमा रहेका कमी कमजोरीहरुको जानकारी लिन, आवधिक समीक्षाको लागि आधार प्राप्त गर्न र गाउँपालिका तथा नगरपालिकाहरुको बीचमा तुलना योग्य सूचकहरु तर्जुमा गरी प्रतिस्पर्धात्मक सुधारमा अग्रसर गराई स्थानीय तहलाई सक्षम र प्रभावकारी बनाउन यस मन्त्रालयको अग्रसरता तथा विषयगत निकायको राय परामर्शमा "स्थानीय तह संस्थागत क्षमता स्वमूल्याङ्कन कार्यविधि, २०७७" तर्जुमा भई माननीय मन्त्रिज्यूबाट मिति २०७७।०८।०३ मा स्वीकृत भइसकेको छ। स्थानीय तहको कार्यसम्पादन, स्थानीय सुशासन तथा स्थानीय तहको समग्र सेवा प्रवाहको स्वमूल्याङ्कन हुने सूंचक सहित तर्जुमा भएको उक्त कार्यविधि मन्त्रालयबाट तहाँ गाउँपालिका तथा नगरपालिकामा पठाई सकिएको छ।

यसै सन्दर्भमा, कार्यविधिको प्रभावकारी कार्यान्वयनको व्यवस्था मिलाई सोको आधारमा संस्थागत क्षमता स्वमूल्याङ्कन गरी परीक्षण नतिजा मन्त्रालयको स्थानीय तह समन्वय शाखाको इमेल ठेगाना (local.level.coordination@mofaga.gov.np वा cmmofald@gmail.com) मा पठाउने व्यवस्था हुन निर्णयानुसार अनुरोध छ।

..................

(बसन्त अधिकारी)
सहसचिव

**बोधार्थः**

श्री जिल्ला समन्वय समितिको कार्यालय (सबै): परीक्षणमा आवश्यक सहजिकरणको लागि।

श्री प्रदेश तथा स्थानीय शासन सहयोग कार्यक्रम, बबरमहल काठमाडौः आवश्यक सहयोग र सहजिकरणको लागि।

श्री अध्यक्ष /प्रमुखज्यूहरू
गाउँपालिका /नगरपालिका (सबै)

श्री सूचना तथा प्रबिधि शाखाः पत्र website राख्रे व्यवस्था हुन।